नेपाल सरकार

गृह मन्त्रालय

**नेपाल प्रहरी प्रधान कार्यालय**

**(मानवश्रोत विकास विभाग, भर्ना छनौट शाखा)**

नक्साल, काठमाडौँ।

# निर्वाचन प्रहरी भर्ना सम्बन्धी सूचना !!!

प्रतिनिधि सभा सदस्य निर्वाचनको लागि स्वीकृत "निर्वाचन प्रहरी भर्ना छनौट, नियुक्ति तथा परिचालन सम्बन्धी एकीकृत (नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बल, नेपाल) कार्यविधि-२०८२" अनुसार **निर्वाचन प्रहरी** भर्ना गर्नुपर्ने भएकोले देहाय बमोजिमको योग्यता पुगेका नेपाली नागरिकहरूबाट स्वयम् उपस्थित भई दरखास्त आव्हान गरिन्छ।

१. **पद:** निर्वाचन प्रहरी

२. **माग पद संख्या:** १,३३,९८० (एक लाख तेत्तिस हजार नौ सय असी) जना।

३. **दरखास्त दिने मिति:** २०८२/०९/२५ गतेदेखि २०८२/१०/०१ गतेसम्म, समय बिहान १०:०० बजेदेखि १६:०० बजेसम्म (सार्वजनिक विदाको दिन समेत)।

४. **दरखास्त फाराम पाइने र बुझाउने स्थानहरू: जिल्ला प्रहरी परिसर (काठमाडौँ, ललितपुर, भक्तपुर) र जिल्ला प्रहरी कार्यालय (सबै)।**

५. **निर्वाचन प्रहरीमा भर्ना हुन आवश्यक योग्यता र प्राथमिकताका आधार:**

| उमेर हद | आवश्यक योग्यता | निर्वाचन प्रहरी छनोट प्राथमिकताका आधार |
|---|---|---|
| दरखास्त फाराम दर्ता गर्ने अन्तिम मितिसम्म १८ वर्ष पुरा भई ५४ वर्ष ननाघेको। ( जन्म मिति: २०२८/१०/०१ गतेदेखि २०६४/१०/०१ गतेसम्म) | १. नेपाली नागरिक,<br>२. साधारण लेखपढ गर्न जान्ने,<br>३. नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको,<br>४. भर्ना हुने समयमा कुनै राजनैतिक दलको सदस्य नरहेको,<br>५. शारीरिक तथा मानसिक रूपले स्वस्थ रहेको,<br>६. आतङ्ककारी एवम् विध्वंसात्मक संगठनको सदस्य नरहेको,<br>७. **पुरुषको** हकमा घटीमा उचाई ५ फिट, छाती ३१-३३ इन्च, तौल ५० के.जी. र **महिलाको** हकमा घटीमा उचाई ४ फिट १० इन्च, तौल ४२ के.जी. भएको,<br>८. महिलाको हकमा गर्भवती नभएको/नरहेको। | १. नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपालको सेवाबाट निवृत्तिभरण वा उपदान प्राप्त पूर्व सुरक्षाकर्मी वा पूर्व वन रक्षक भएको।<br>२. नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल, नेपालमा बि.सं. २०८१ माघ १ गतेदेखि २०८२ पौष मसान्तसम्म विभिन्न पदमा भर्नाको लागि आवेदन दिई शारीरिक तन्दुरुस्ती र स्वास्थ्य परीक्षणमा उत्तीर्ण भएकाको हकमा प्रवेश पत्र पेस गर्ने व्यक्ति।<br>३. यस अघि सम्पन्न भएका प्रतिनिधि सभा, प्रदेश सभा र स्थानीय तहका निर्वाचनमा म्यादी प्रहरीको रूपमा भर्ना भई सन्तोषजनक काम गरेका व्यक्ति।<br>४. विदेशी मित्र राष्ट्रका सुरक्षा निकायमा काम गरी सेवानिवृत्त भएको नेपाली नागरिक। |

६. **सम्पर्क मिति तथा स्थान:**
- मिति: २०८२/१०/०४ गते।
- स्थान: दरखास्त दर्ता गर्ने सम्बन्धित प्रहरी कार्यालयहरू।
- समय: बिहान ११:०० बजे।

७. **छनौट सम्बन्धी:**
- छनौट प्रारम्भ हुने मिति: २०८२/१०/०५ गतेदेखि २०८२/१०/०९ गतेसम्म।
- अन्तिम नतिजा प्रकाशन मिति: २०८२/१०/१२ गते।
- प्रशिक्षण (तालिम) सुरु हुने मिति: २०८२/१०/१५ गतेदेखि २०८२/१०/२४ गतेसम्म (सार्वजनिक विदाको दिन समेत)।

८. **निर्वाचन प्रहरीको कार्य अवधि:**

(क) नियुक्ति पाएको मितिले जम्मा चालीस (४०) दिन वा नेपाल सरकारले तोके बमोजिम हुनेछ।

(ख) नेपाल सरकारले निर्वाचन अवधिको आधारमा निर्वाचन प्रहरीको कार्य अवधि हेरफेर गरेमा सोही बमोजिम हुनेछ।

९. **निर्वाचन प्रहरीका सेवा सुविधाका शर्त:**

(क) निर्वाचन प्रहरीको लागि नेपाल प्रहरी जवानको सुरु तलब स्केल सरह प्रतिदिन प्रति निर्वाचन प्रहरीले रु.८६९।४० (आठ सय उन्सत्तरी रुपैंया चालीस पैसा) को दरले चालिस दिनसम्मको लागि रु.३४,७७६।- (चौतीस हजार सात सय छयाहत्तर) रकम उपलब्ध गराइनेछ।

(ख) निर्वाचन प्रहरीलाई सम्बन्धित जिल्लाको नेपाल प्रहरीले पाए सरहको दररेट अनुसार प्रति निर्वाचन प्रहरी चालीस दिनको लागि खाद्यान्न वापतको रकम निजको व्यक्तिगत बैंक खातामा उपलब्ध गराइनेछ।

(ग) निर्वाचनको क्रममा खटिने निर्वाचन प्रहरीलाई खटिएको ठाउँमा आउने र जाने तयारी स्वरुप प्रति निर्वाचन प्रहरी एक पटकको लागि एकमुष्ट रु. ८४६ ।- (आठसय छयालीस मात्र) का दरले तयारी खर्च उपलब्ध गराईनेछ।

(घ) प्रतिदिन प्रति निर्वाचन प्रहरी रु.३००।- (तीनसय मात्र) को दरले ४ (चार) दिनको लागि एकमुष्ट रु. १२००।- (बाह्र सय) खाजा खर्च उपलब्ध हुनेछ।

(ङ) नेपाल प्रहरीको प्रधान कार्यालयबाट तोकिए बमोजिमको दररेटको आधारमा पोशाक बापतको रकम उपलब्ध गराईने छ।

(च) निर्वाचन प्रहरीलाई उपलब्ध गराईने सम्पूर्ण सेवा सुविधा वापतको रकम निजको व्यक्तिगत बैंक खातामा उपलब्ध गराईनेछ।

(छ) कर्तव्य पालनको सिलसिलामा निर्वाचन प्रहरी घाईते भएमा निज स्वयम्ले र मृत्यु भएको खण्डमा निजको नजिकको हकदारले नेपाल सरकारबाट तोकिए बमोजिमको क्षतिपूर्ति प्राप्त गर्नेछन्।

(ज) निर्धारित अवधिभन्दा अगावै गैर हाजिर रहेमा वा जिम्मेवारी पुरा नगरी भागेमा त्यस्तो निर्वाचन प्रहरीलाई कुनै सुविधा बापतको रकम उपलब्ध गराईने छैन।

(झ) कुनै मनासिव कारणले निर्वाचन प्रहरीले करार अवधि भन्दा अगाडि छाड्ने परिस्थिति भएमा २० (बीस) दिन वा सो भन्दा बढी दिन काम गरेको रहेछ भने काम गरेको दिनसम्मको सेवा सुबिधा पाउनेछ।

(ञ) नियुक्तिको प्रकृयामा रहेको अवस्थामा वा नियुक्ति भइसकेको भए तापनि निर्वाचन स्थगित वा रद्द भएमा त्यस्तो नियुक्ति स्वतः रद्द हुनेछ।

(ट) अन्य सुविधाहरू "निर्वाचन प्रहरी भर्ना छनौट, नियुक्ति तथा परिचालन सम्बन्धी एकीकृत (नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बल, नेपाल) कार्यविधि-२०८२" मा व्यवस्था भए बमोजिम हुनेछ।

**मितिः- २०८२/०९/२४ गते।**

**नेपाल प्रहरी प्रधान कार्यालय**
मानवश्रोत विकास विभाग
भर्ना छनौट शाखा
नक्साल, काठमाडौं।
०१-५७१९९२७

नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
नक्साल